# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com


पत्र संख्या :
चलानी नम्बर :

मितिः-२०८३/०२/२९

**विषय - सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

यस भूमिकास्थान नगरपालिका, अर्घाखाँचीको लागि देहायका पद, तह र संख्यामा **भूमिकास्थान नगरपालिकाको सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि, २०८०** बमोजिम कर्मचारीहरु सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण सहित राजस्व तिरेको भौचर संलग्न राखी नगर कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७ /२०८२/०८३ | मेडिकल अधिकृत | आठौं | १ | आधारभूत अस्पतालको लागि |
| २ | ०८ /२०८२-०८३ | ल्याव टेक्निसियन | पाचौं | १ | आधारभूत अस्पतालको लागि |
| ३ | ०९ /२०८२-०८३ | कार्यालय सहयोगी | विहीन | ४ | आधारभूत अस्पतालको लागि २ (दुई), नगर कार्यपालिकाको कार्यालयको लागि १ (एक), ५ नं. वडा कार्यालयको लागि १ (एक) |

**आवश्यक योग्यता**

**मेडिकल अधिकृतको हकमा :-**

(१ ) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम वि.वि.एस.(MBBS) वा सो सरह उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,
(२) दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
(३) प्रचलित कानून वमोजिम अयोग्य नभएको,
(४) पाठ्यक्रमः संघीय लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम बहुवैकल्पिक प्रश्नहरु (MCQs) १०० पूर्णाकको हुनेछ,
(५) आवेदन दस्तुर रु.१२००/-,
(६) परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता,
(७) तलब स्केल - नगरपालिकाको निर्णयानुसार,
(८) अनुभवीलाई प्राथमिकता दिईनेछ,

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

पत्र संख्या :
चलानी नम्बर :

मितिः-२०८३/०२/२९

**ल्याव टेक्निसियनको हकमाः-**

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याव विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,
(२) पाठ्यक्रमः संघीय लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम बहुवैकल्पिक प्रश्नहरु (MCQs) १०० पूर्णाकको हुनेछ,
(३) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
(४) प्रचलित कानून वमोजिम अयोग्य नभएको,
(५) आवेदन दस्तुर रु. ७००।–,
(६) परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता,
(७) तलब स्केल - नगरपालिकाको निर्णयानुसार,
(८) अनुभवीलाई प्राथमिकता दिईनेछ,

**कार्यालय सहयोगीको लागि :-**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा वा सो सरह उत्तीर्ण गरेको,
(२) दरखास्त दिने अन्तिम मितिसम्म पुरुषको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको,
(३) प्रचलित कानून वमोजिम अयोग्य नभएको,
(४) आवेदन दस्तुर रु.३००।-,
(५) परिक्षाको किसिमः अन्तर्वार्ता,
(६) तलब स्केल - नगरपालिकाको निर्णयानुसार हुनेछ,
(७) माथिल्लो शैक्षिक योग्यता भएको, सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त, कम्प्यूटर सम्बन्धी आधारभूत तालिम, ज्ञान तथा सीप भएको र सम्बन्धित स्थानीय वासिन्दालाई प्राथमिकता दिईनेछ,

**सवै पदहरुको लागि आवश्यक कागजातहरु -:**

(१) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
(२) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी,
(३) तालिम, अनुभवको प्रमाणपत्रको प्रतिलिपि,
(४) पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति,
(५) आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई प्रमाणपत्रहरु आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ,

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com


पत्र संख्या :
चलानी नम्बर :

मितिः-२०८३/०२/२९

(६) यस सूचनामा उल्लेखित सर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ,

(७) दरखास्त दिने स्थान :भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची,

(८) दरखास्त दिने अन्तिम मिति २०८३/०३/१२ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ, आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट आवेदन बुझाउन सकिने छ,

(९) दरखास्त फाराम र पाठ्यक्रम भूमिकास्थान नगरपालिकाको वेभसाइट https://bhumikasthanmun.gov.np मा प्राप्त गर्न सकिने छ,

(१०) रीत नपुगी प्राप्त दरखास्त उपर कुनै कारवाही नहुने बेहोरा अनुरोध छ,

**थप जानकारीको लागि मोवाईल नं. ९८५७०६९९८२ र ९८५७०६३५७६ मा सम्पर्क गर्न सकिनेछ ।**

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत